नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय

दार्चुला

फोन नं. ०९३-४२०१०३

प.सं. २०७७/०७८
च.नं. ४२१

मिति २०७७/११/०१

विषयः सूचना टाँस गरी जानकारी पठाई दिने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय दार्चुला ।
श्री जिल्ला समन्वय समितिको कार्यालय दार्चुला ।
श्री दार्चुला जिल्ला स्थित ९ ओटै स्थानीय तहहरु दार्चुला ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय दार्चुला ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७७।११।०१ गते प्रकाशित भू-सेवा केन्द्र संचालन सम्बन्धि ३० दिने सूचना पाना थान २ यसै साथ संलग्न राखि पठाईएको छ । उक्त सूचना ताहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी अनिवार्य रुपमा पठाई दिन हुन अनुरोध गरिन्छ ।

लक्ष्मीराज विष्ट
कार्यालय प्रमुख
लक्ष्मी राज विष्ट
कार्यालय प्रमुख

**प्रथम पटक प्रकाशित मिति २०७७।११।०१**

## भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ को दफा ४ अनुसार भू-सेवा केन्द्र संचालन अनुमति लिनको लागि अनलाईन निवेदनको सूचना ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट मिति २०७७ माघ १४ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा संचालन गर्नको लागि मालपोत नियमावली २०३६ नियम २३ क र २३ ख बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएका ईन्छुक व्यक्ति संस्था तथा स्थानीय सरकारले अनुमति लिनको लागि मिति २०७७।११।०१ देखि २०७७।११।३० गते सम्म https//public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरी सोसंग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>भू-सेवा केन्द्रको अनुमिति किसिम र योग्यता तपशिल अनुसार हुने छ ।</u>

| व्यक्तिको हकमा | रजिष्टर्ड संस्थाको हकमा | स्थानीय तहको हकमा | कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्ने प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| क. नेपाली नागरिक<br>ख. अठार वर्ष उमेर पुरा भएको<br>ग. कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धि कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको<br>घ. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको<br>ङ. सेवा केन्द्र संचालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको<br>च. नैतिक पतन देखिने फौजदारी कसुर देखिने फौजदारी कसुर वा लिखत सम्बन्धि कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको | क. प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको<br>ख. संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भै अठार वर्ष उमेर पुरा भएको<br>ग. संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धि कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको | क.सेवा केन्द्र संचालन गर्ने जनशक्ति र पूर्वाधार भएको | क. कानून व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाण पत्र भएको<br>ख. नेपाली नागरिक<br>ग. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको<br>घ. कर चुक्ताको प्रमाण पत्र भएको र<br>ङ. भू-सेवा केन्द्र संचालनको लागि दफा ७ बमोजिमको भौतिक पुर्वाधार भएको । | क. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको<br>ख. आफ्नो नाममा भएको जग्गा कित्ता विवरण भू सूचना प्रणालीमा अद्यावधिक भएको तर भू सूचना प्रमाणिमा देखिएको विवरण र जग्गाधनी दर्ता स्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचान समस्या देखिएमा जग्गाधनीले सम्बन्धित कार्यालयमा गई डाटा अध्यावधिक गराउनु पर्नेछ । |

| |
|---|
| भू-सेवा केन्द्र संचालनको लागि चाहिने पुर्वाधार : |
| क. कम्प्युटर<br>ख. प्रिन्टर<br>ग. ब्याकअप सिस्टम<br>घ. स्क्यानर<br>ङ. भू सूचना प्रणाली सँग कम्प्याटिवल हुने बायोमेट्रिक डिभाईस (Finger Print Device) र<br>च. Internet Connectivity कम्तिमा 2/2 Mbps को Dedicated Line भएको । |
| अनुमति पत्रको दस्तुर अवधि तथा नविकरण सम्बन्धि व्यवस्था |
| १. साधारण प्रयोगकर्ताले युजर एकाउण्ट खोल्नका लागि सम्बन्धित कार्यालयमा पाँच सँय रुपैया दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नवीकरणका लागि एक सय रुपैया दस्तुर बुझाउनु पर्नेछ ।<br>२. साधारण प्रयोगकर्ताले युजर एकाउण्ट नविकरण नगरेको अवस्थामा अनलाइन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वतः निस्कृय हुनेछ । |
| १. भू-सेवा केन्द्र सम्बन्धि अनुमिति पत्र लिने देहाय बमोजिमको दस्तुर लाग्ने छ।<br>क. व्यक्तिको हकमा तीन हजार रुपैया<br>ख. संस्थाको हकमा पाँच हजार रुपैया<br>उक्त दस्तुर यस कार्यालयको १०००२०००१०००० राजश्व खातामा जम्मा गरी सोको भौचर पेश गर्नु पर्ने छ ।<br>२. भू-सेवा केन्द्र संचालनको अनुमति लिन चाहने व्यक्ति वा संस्थाले ४०९०१००१०२०३०००० बैंकमा धरौटी बापत देहाय बमोजिमको नगद रकम जम्मा गुर्ने पर्नेछ । बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।<br>क. व्यक्तिको हकमा पचास हजार रुपैया<br>ख. संस्थाको हकमा दुई लाख रुपैया<br>३. स्थानिय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।<br>४. भू-सेवा केन्द्र संचालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुने छ ।<br><u>थप जानकारीको लागि सम्पर्क नंम्बर :- ०९३-४२०१०३/९८४८७७५०७७</u> |